# देवघाट गाउँपालिका

## तनहुँ जिल्ला, प्रदेश नं. ४

# देवघाट गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डः १ संख्याः १४ मितिः २०७४/१२/२६

भाग – २

देवघाट गाउँपालिका

# देवघाट गाउँपालिकाको समपुरक कोष

# सञ्चालन मापदण्ड, २०७४

# देवघाट गाउँपालिकाको समपुरक कोष संचालन मापदण्ड, २०७४

## प्रस्तावना

देवघाट गाउँपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम कामकारवाहीमा कार्यकुशलता र प्रभावकारीता अभिवृद्धि गर्नको लागी गाउँ सभाले प्रत्येक बर्ष विनियोजन गरेको समपुरक कोषवाट खर्च हुने रकमलाई व्यवस्थित गर्नको लागी देवघाट गाउँपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन नियमावली २०७४ को नियम १२ को अधिकार प्रयोग गरी देवघाट गाउँपालिकाको मितिः २०७४।१२।२६ को पन्ध्र औं वैठकले देवघाट गाउँपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन नियमावली, २०७४ वनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यी नियमहरुको नाम “समपुरक कोष संचालन मापदण्ड २०७४” रहेको छ।

(२) यो मापदण्ड देवघाट गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस मादण्डमा

(क) “समपुरक कोष” भन्नाले श्रोत परिचालन तथा ब्यवस्थापन नियमावली २०७४ नियम ५ बमोजिम विनियोजन भएको समपुरक कोष सम्झनु पर्दछ।

**३.** समपुक कोष सम्बन्धि व्यवस्था : (क) श्रोत परिचालन तथा ब्यवस्थापन नियमावली २०७४ को नियम ५ बमोजिम समपुरक कोषको व्यवस्था गरिएकोछ।

**४.** समपुक कोषको प्रयोग : उपलब्ध श्रोतको आधारमा देहायका क्षेत्रमा समपुरक कोषको प्रयोग गरिनेछ। कोषको रकम सकिएपछि प्राप्त हने प्रस्तावमा साझेदारी वा लागत सहभागिता गर्न सकिने छैन।

(क) नेपाल सरकार र प्रदेश सरकारले लागत सहभागीताको प्रतिशत तोकी स्विकृत गरेका कार्यक्रममा साझेदारी वा लागत सहभागिता गर्न।

(ख) स्विकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार गाउँपालिकाको आफ्नो विकाससंग सम्बन्धित सरकारी, गैर सरकारी, निजी क्षेत्र, विकास साझेदार संस्था संग भएको सम्झौता बमोजिम साझेदारी वा लागत सहभागिता गर्न।

(ग) वार्षिक बजेट तथा कार्यक्रम स्विकृत भई सकेपछि सरकारी, गैर सरकारी, निजी क्षेत्र, विकास साझेदार संस्थावाट प्राप्त हुने प्रस्तावित योजना कार्यक्रम गाउँपालिकाको लागी उपयोगी लागेमा साझेदारी वा लागत सहभागिता गर्न।

(घ) वार्षिक बजेट तथा कार्यक्रम स्विकृत भई सकेपछि टोल विकास समिति, क्लब, आमा समुह, लाभग्राही उपभोक्ता समुहले प्रवर्द्धनात्मक, सामाजिक, सांस्कृतिक तथा स साना भौतिक पुर्वाधार विकासका क्षेत्रमा कुनै योजना तथा कार्यक्रमको लागी तत्परता एवं प्रतिवद्धता देखाएमा र वडा समितिको वैठकले त्यसलाई आचित्यपुर्ण ठहराई सिफारिस

गरेमा त्यसमा साझेदारी वा लागत सहभागिता गर्न । तर एक वडाले एक आ.व.मा बढीमा पाँच लाख भन्दा बढीको सिफारिस गर्न सक्ने छैन ।

(ङ) लागत सहभागिताको प्रस्ताव पेश गर्नेले प्रतिवद्धता गर्नु पर्ने साझेदारी वा लागत सहभागिताको न्युनतम प्रतिशत देहाय अनुसार हुनेछ । साथै न्युनतम भन्दा बढी प्रतिशत साझेदारी वा लागत सहभागिता गर्नेलाई प्राथमिकता दिईनेछ । साथै श्रोतको कमी भएको अवस्थामा गाउँ कार्यपालिकाले न्युनतम भन्दा बढी लागत सहभागिता तोक्नेछ । तर अति विपन्न लक्षित समुहले लागत सहभागिता व्यहोर्न नसकी कार्यक्रम तथा योजना संचालन हुन नसकेमा लागत सहभागिता विना पनि कार्यक्रम तथा योजना संचालन गर्न सकिनेछ । गाउँपालिका स्तरीय योजना कार्यक्रम संघीय सरकार, प्रदेश सरकार वा अन्य निकायवाट लागत सहभागिता प्राप्त हुने अनुमान गरी समपुरक कोषमा रकम छुट्टाईएकोमा सो अनुमान अनुसार रकम प्राप्त नभएमा पनि प्राथमिकता तथा आवश्यकताको आधारमा सोही तथा अन्य योजना कार्यक्रममा गाउँपालिकाको मात्रै लगानीमा योजना कार्यक्रम सम्पन्न गर्न सकिनेछ ।

| क्र.स. | विवरण | लागत सहभागिताको **न्युनतम** प्रतिशत |
|---|---|---|
| १ | वार्षिक बजेट तथा कार्यक्रम स्विकृत हुनु पुर्वका प्रस्ताव | सम्झौता अनुसार |
| २ | वार्षिक बजेट तथा कार्यक्रम स्विकृत भएपछि प्राप्त प्रस्ताव | |
| क | नेपाल सरकार र प्रदेश सरकार, सरकारी, अर्द्ध सरकारी, सरकारी स्वायत्त निकाय | आपसी सम्झौता र शर्त अनुसार |
| ख | गैर सरकारी संघ संस्था, निजी क्षेत्र | **बिस** |
| ग | टोल विकास समिति | **पन्ध्र** |
| घ | क्लब, आमा समुह, | **बिस** |
| ङ | लाभग्राही उपभोक्ता समुह | पच्चिस |
| च | अति विपन्न लक्षित समुह | दश |

५) प्रस्ताव माग र सिफारिस गर्ने प्रक्रिया

**१. वडा समपुरक कोषबाट सम्पन्न गर्ने गरि वडा कार्यालयबाट सिफारिस प्रक्रिया देहाय अनुसार हुनेछ ।**

(क) सरकारी, अर्द्ध सरकारी, सरकारी स्वायत्त निकायको हकमा वैशाख मसान्त भित्र सम्झौता भई सक्नु पर्ने । तर नेपाल सरकार र प्रदेश सरकारको हकमा स्विकृत शर्त अनुसार हुनेछ ।

(ख) गैर सरकारी संघ संस्था, निजी क्षेत्रको हकमा वैशाख मसान्त भित्र सम्झौता भई सक्नु पर्ने ।

(ग) मापदण्ड ४ को घ २ को खण्ड ग,घ,ङ र च को हकमा बैठकको निर्णयको प्रतिलिपि सहित समिति, समूहको अध्यक्षले सही गरी सम्बन्धित वडा कर्यालयमा अनुसुची १ को ढाँचामा र खण्ड ख को हकमा अनुसूची २ बमोजिम बैशाख महिनाको १५ गते भित्र निवेदन दिनु पर्नेछ ।

(घ) निवेदन प्राप्त भएपछि वडा समितिको निर्णय सहित वडा कार्यालयले सिफारिस गरी बैशाख महिनाको २५ गते भित्र पठाउनु पर्नेछ ।

(ङ) वडा कार्यालयको सिफारिस प्राप्त भएपछि उपलबध श्रोतको आधारमा सम्बन्धित शाखाको लागत ईष्टिमेट, कार्यक्रम, औचित्यता सहित पेश गरेपछि प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा अध्यक्ष स्तरको निर्णयवाट स्विकृत हुनु पर्नेछ ।

(च) यसरी निर्णय भएपछि बैशाख महिना भित्र सम्झौता भई सक्नु पर्नेछ । बैशाख महिना भित्र सम्झौता गर्न नआएमा त्यस पछि सम्झौता हुने छैन ।

**२. गाउँपालिकाको समपुरक कोषबाट सञ्चालन हुने योजना कार्यक्रमको लागी प्रस्ताव पेश गर्ने संघ संस्था, समिति, समूहले वैशाख महिना भित्र गाउँ कार्यपालिकाको कार्यालयमा पेश गरी सक्नु पर्नेछ । प्रस्ताव पेश भए पछि आवश्यकता र औचित्य अनुसार उपयुक्त देखिएमा अध्यक्ष स्तरको निर्णय भए पछि कार्यालयबाट सम्झौता गरिनेछ ।**

## ६) बचाउः

यस मापदण्ड कार्यान्वयन हनु पुर्व भए गरेका कामहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

## अनुसुची १

मापदण्ड ४ को खण्ड ग,घ,ङ र च को हकमा समपुरक कोषवाट संचालन हुने योजना कार्यक्रमको लागी प्रस्तावकले पेश गर्ने निवेदन ढाँचा

१. निवेदक/प्रस्तावकको नाम :
२. योजना/ कार्यक्रमको नाम :
३. योजना/ कार्यक्रमको मुख्य उद्धेश्य :
४. अध्यक्ष वा संपर्क व्यक्तिको नाम :
५. अध्यक्ष वा संपर्क व्यक्तिको सम्पर्क नम्बर :
६. योजना/ कार्यक्रम संचालन हुने स्थानः
वडा नं :
टोल :
स्थानः
७. योजना/ कार्यक्रमको अवधि
शुरु हुने मिति :
सम्पन्न हुने मिति :
८. योजना/ कार्यक्रम संचालन हुने मुख्य मुख्य क्रियाकलाप :

९) लाभान्वित हुने मोटा मोटी कुल जनसंख्या :
महिला :
पुरुष :
१०. योजना/ कार्यक्रमको कुल लागत
क) गाउँपालिकावाट अपेक्षा गरिएको रकम :.........................
ख) उपभोक्ता समिति, टोल, समूहको लगानी हुने रकम :........................
नगदः............
श्रम :................
जिन्सी :..................
ग) अन्य संघ संस्थावाट लगानी हुने भए सो रकम :................................
जम्मा :.................................

| उपभोक्ता समिति, टोल, समूहको तर्फवाट | वडा कार्यालयको तर्फवाट | |
|---|---|---|
| | पेश गर्ने | सिफारिस गर्ने |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

# अनुसुची २

मापदण्ड ४ को खण्ड ख को हकमा समपुरक कोषवाट संचालन हुने योजना कार्यक्रमको लागी प्रस्तावकले पेश गर्ने निवेदन ढाँचा

१. निवेदक/गै.स.स., संघ, संस्थाको नाम :
२. योजना/ कार्यक्रमको नाम :
३. योजना/ कार्यक्रमको मुख्य उद्धेश्य :
४. अध्यक्ष वा संपर्क व्यक्तिको नाम :
५. अध्यक्ष वा संपर्क व्यक्तिको सम्पर्क नम्बर :
६. योजना/ कार्यक्रम संचालन हुने स्थानः
वडा नं :
टोल :
स्थानः
७. योजना/ कार्यक्रमको अवधि
शुरु हुने मिति :
सम्पन्न हुने मिति :
८. योजना/ कार्यक्रम संचालन हुने मुख्य मुख्य क्रियाकलाप :

९) लाभान्वित हुने मोटा मोटी कुल जनसंख्या :
महिला :
पुरुष :
१०. योजना/ कार्यक्रमको कुल लागत
क) गाउँपालिकावाट अपेक्षा गरिएको रकम :........................
ख) गै.स.स., संघ, संस्थाको लगानी हुने रकम :.......................
नगदः............
श्रम :................
जिन्सी :..................
ग) अन्य संघ संस्थावाट लगानी हुने भए सो रकम :...............................
जम्मा :................................
११) गाउँपालिकामा सुचिकृत मितिः

| **गै.स.स.संघ संस्थाको** तर्फवाट | वडा कार्यालयको तर्फवाट | |
|---|---|---|
| | पेश गर्ने | सिफारिस गर्ने |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

**आज्ञाले**
**रमेश सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**